२०७७।११।२८ को नगर कार्यपालिकाको ७१ औं बैठकमा छलफलका लागि पेश भएका प्रस्ताव र सो सम्वन्धमा भएका निर्णयहरु

१, पिच सडकमा संकलित निर्माण सामाग्री हटाउन लगाउने सम्वन्धमा ।

२, दुम्कौली अस्पतालको गुरुयोजना स्वीकृत गर्ने सम्वन्धमा ।

३, जग्गा सम्याइ खेतीयोग्य बनाउने कार्यलाई व्यवस्थित गर्ने सम्वन्धमा ।

४, नक्सा स्वीकृत नगरी बनेका भौतिक संरचनाको व्यवस्थापन सम्वन्धमा ।

५, वडा नं. ९ को मनकामना आधारभूत विद्यालयलाई बिनियोजित रकम रकमान्तर गर्ने सम्वन्धमा ।

६, वडा नं. ६ को रा. शारदा आधारभूत विद्यालयलाई बिनियोजित रकम रकमान्तर गर्ने सम्वन्धमा ।

७, प्र.म.रोजगार कार्यक्रमको वडा नं. ३,१५ र १६ को काम अन्य वडाहरुमा वितरण गर्ने सम्वन्धमा ।

८, वडा नं. ९ को खनीयाबोट-कावासोती कृषि सडक कालोपत्रेका लागि रकम माग गर्ने सम्वन्धमा ।

९, वडा नं. ११ को प्रकोप नियन्त्रण कोषको रकम मध्येबाट कल्भर्ट निर्माणमा रकमान्तर गर्ने सम्वन्धमा ।

१०, विपद् व्यवस्थापन खर्च शीर्षकबाट रकमान्तर गर्ने सम्वन्धमा

११, विपद् व्यवस्थापन कार्यसंचालन गर्ने सम्वन्धमा ।

१२, प्रतिवद्धता पठाउने सम्वन्धमा ।

१३, नवलपरासी किनारा तर्फको दाहसंस्कार कार्य व्यवस्थापन सम्वन्धमा ।

१४, विविध विषय

## निर्णय नं. १,

प्रस्ताव नं १ उपर छलफल गर्दा यस नगरपालिका अन्तरगतका बिभिन्न ठाउंका पिच सडकहरुमा स्थानीय नगरवासीहरुले निजी भवन निर्माणका लागि उपयोग गर्ने ईट्टा, ढुङ्गा, बालुवा, गिट्टी, फलामे रड जस्ता निर्माण सामाग्रीहरु राख्ने गरेको कारण सडक सांगुरो भई सवारी आवागमनमा अवरोध आई सडक दुर्घटना निम्तन सक्ने अवस्था देखिएको कारण बिगत समयमा सात दिन भित्र त्यस्ता निर्माण सामाग्री हटाउनका लागि माइकिङ्ग गरिएकोमा कतिपय घरधनीहरुले अटेर गरी पिचसडकमा नै त्यस्ता सामाग्री राखीरहेको देखिएकोले त्यस्ता सामाग्रीका धनीहरुलाई तीन दिन भित्र पिच सडक खाली गर्ने गरी पुनःदोस्रोपटक माइकिङ्ग गर्न लगाई त्यसपछि पनि पिचसडकबाट नहटाइएका निर्माण सामाग्रीहरु नगरपालिकाबाट उठाई ल्याउने र पिच सडक खालीगर्ने गर्न लगाउने निर्णय गरियो ।

गोविन्द सिग्देल
प्रमुख प्रशासकीय अधिकृत

पूर्ण कुमार श्रेष्ठ
नगर प्रमुख

**निर्णय नं. २,**

प्रस्ताव नं २ उपर छलफल गर्दा यस नगरपालिका अन्तरगतको निर्माणाधीन आधारभूत अस्पतालको रुपमा रहेको दुम्कौली अस्पताल भवन निर्माणका सन्दर्भमा पेश भएको दुम्कौली अस्पतालको गूरुयोजना स्वीकृत गरी कार्यान्वयनमा ल्याउने निर्णय गरियो ।

**निर्णय नं. ३,**

प्रस्ताव नं ३ उपर छलफल गर्दा यस नगरपालिका क्षेत्रका विभिन्न स्थानमा भिरालो जग्गा सम्याई खेतीयोग्य बनाउने गरी सम्वन्धित वडाको सिफारिसमा खोलाको किनारा र सार्वजनिक जग्गासंग सिमाना जोडिएको जग्गाको सिमाना देखि १०० मिटरको क्षेत्र वाहिर पर्ने स्थानहरुमा जग्गा धनी दर्ता प्रमाण पूर्जा सहित आवश्यक कागजात, निवेदन, सांधसधियारहरुको सहमती, आवश्यक परे अमिन कर्मचारी समेतबाट प्रतिवेदन लिई बढीमा १ मिटर सम्मको अग्लो भू-भाग सम्याई खेतीयोग्य बनाउने गरी यस अघि इजाजत दिदै आइएकोमा कतिपय स्थानमा स्थलगत अनुगमनका बखत तोकिएको मापदण्ड पालना नगरी ढुङ्गा, ग्राभेल, माटो उत्खनन गरी प्राकृतिक स्रोत साधनको दोहन गरेको देखिएका र यस नगरपालिका क्षेत्रका किसानहरुलाई आफ्नो निजी हकभोगको जग्गा सम्याई खेतीयोग्य बनाई आवादी गराउने कार्यमा बन्देज लगाउन उपयुक्त नहुने देखिन आएकोले सम्वन्धित वडाका जन प्रतिनिधि, स्थानीय सुरक्षा निकाय, नगरपालिकाका सुरक्षाकर्मीहरु समेतलाई स्थलगत अनुगमन गर्न लगाइ तोकिएको मापदण्ड पालना नगरी लापरवाही गरी बदनियत पूर्वक ढुङ्गा उत्खनन गरी विक्रि वितरण गर्ने मनसाय राखी मनोमानी गर्ने जग्गा धनीहरुलाई आवश्यकता अनुसार कानूनी कारवाही गर्ने गरी इजाजत पत्रमा नै व्यहोरा खुलाई प्रचलित कानूनको परिधिभित्र रही निजी आवादी भिरालो जग्गालाई सम्याइ खेतीयोग्य बनाउन ईजाजत दिने कार्यलाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. ४,**

प्रस्ताव नं ४ उपर छलफल गर्दा यस नगरपालिका क्षेत्रमा कतिपय भौतिक संरचनाहरु नक्सा स्वीकृत नगराई आफुखुशिनिर्माण गरेको देखिएकोले यस कार्यबाट कानूनको अवज्ञा तथा नगरको सौन्दर्यतामा प्रतिकुल प्रभाव पर्नजाने अवस्था देखिएकोले तोकिएको मापदण्ड पालना गरी यस अघि निर्माण भइसकेका भौतिक संरचनाहरुलाई बस्ती विकास, शहरी योजना तथा भवन निर्माण मापदण्ड निर्देशिका २०७७ अनुसार नियमित गरिदिने र हाल बन्दै गरेका भौतिक संरचनाहरुका हकमा अनिवार्य नक्सा स्वीकृत गरेरमात्र निर्माण गर्न लगाउने, लापरवाही गरी स्वीकृत बिना भवन निर्माण गर्ने घर धनीलाई स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार दण्ड जरिवाना गर्ने कार्यलाई कडाइकासाथ कार्यान्वयनमा लैजाने कार्यमा जन प्रतिनिधि लगायत सबै टोलसुधार समितिहरुसमेतबाट आवश्यक पहल गर्ने/गर्न लगाउने निर्णय गरियो ।

गोविन्द ... प्रमुख प्रशासकीय अधिकृत

दुर्गा कुमार ... नगर प्रमुख

Scanned with CamScanner

## निर्णय नं. ५,

प्रस्ताव नं ५ उपर छलफल गर्दा यस नगरपालिका अन्तरगत वडा नं. ७ को मनकामना आधारभूत विद्यालयमा कक्षा कोठाको अभावमा पठनपाठन कार्य संचालनमा कठिनाइ परेको र हाल शौचालय निर्माण कार्य भन्दा कक्षा कोठा निर्माण कार्य बढी आवश्यक देखिएकोले शौचालय निर्माणका लागि विनियोजित रकम रु, २ लाखबाट सोही विद्यालयमा कक्षा कोठा थप गरी छाना छाउने कार्यका लागि रकमान्तर गर्ने निर्णय गरियो ।

## निर्णय नं. ६,

प्रस्ताव नं ६ उपर छलफल गर्दा यस नगरपालिका अन्तरगत वडा नं. ६ को नेपाल राष्ट्रिय शारदा आधार भूत विद्यालयको भवन निर्माणका लागि बिनियोजन भएको ४ लाख रुपैया मध्येबाट १ लाख रुपैया बरावरको कम्पुटर खरिद गरी विद्यार्थीहरुलाई प्रविधि मैत्री शिक्षा हासिल गराउने कार्यमा लगाई बाँकी रहेको ३ लाख रुपैयाबाट सोही विद्यालयमा जाने बाटोमा सिंढी निर्माण गर्ने कार्यकालागि वजेट रकमान्तर गर्ने निर्णय गरियो ।

## निर्णय नं. ७,

प्रस्ताव नं ७ उपर छलफल गर्दा यस नगरपालिका अन्तरगत प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत वडा नं. ३,१६,१७ मा बिनियोजित रु, ३/३ लाख रुपैयाका य़ोजनाहरु संचालन गर्न कठिनाई परेको भंन्ने जानकारी हुन आएकोमा वडा नं.४,५,६,७,८,९,१०,११,१२,१३ बाट कामको चापका आधारमा थप रकम माग भइ आएकोले प्रधानमन्त्री रोजगार शीर्षकको उल्लेखित ३ वडाका ९ लाख रुपैयाका अतिरिक्त अन्य वडा कार्यालयहरुबाट सोही प्रकृतिको कार्य गर्नेगरी थप कार्यक्रम माग भइ आएमा कामका लागि पारिश्रमिक शीर्षकको रकमसमेत स्वीकृत ल.ई. समेतको आधारमा रकम थप गरि निर्देशिकाको परिधिभित्र रही नियमानुसार थप रकम उपलब्ध गराइ कार्यसंचालन गर्न जिम्मेवारी दिने निर्णय गरियो ।

## निर्णय नं. ८,

प्रस्ताव नं ८ उपर छलफल गर्दा यस नगरपालिका अन्तरगत वडा नं. ९ को खनीया चोक देखि कावासोती जिल्ला सदरमुकाम जोड्ने दलित जानजाती अति बिपन्न समुदायका व्यक्तिहरु बसोवास भएको र त्यस्ता समुदायका व्यक्तिहरुबाट उत्पादन भएको कृषि उपज जिल्ला सदरमुकामसम्म पुऱ्याई बिक्रि-वितरण गर्न कठिनाइ परेकोले उक्त कृषि सडक कालोपत्रे कार्यका लागि बजेट व्यवस्था हुन नेपाल सरकार राष्ट्रिय योजना आयोगमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

गोविन्द सिग्देल
प्रमुख प्रशासकीय अधिकृत

पूर्ण कुमार श्रेष्ठ
नगर प्रमुख

## निर्णय नं. ९,

प्रस्ताव नं ९ उपर छलफल गर्दा यस नगरपालिका अन्तरगत वडा नं. ११ को आवश्यक स्थानमा कल्भर्ट निर्माण कार्यका लागि बिनियोजित रकम रु, ४ लाख मध्येबाट वडा क्षेत्रमा अति आवश्यक देखिएका बिभिन्न स्थानका कल्भर्ट निर्माणमा नपुग हुने देखिएकोले ११ नं. वडामा विनियोजित वडा स्तरीय प्रकोप नियन्त्रण कोषमा विनियोजित रकम रु, ४ लाख मध्येबाट रु, १ लाख ५० हजार रुपैया आवश्यक स्थानमा कल्भर्ट निर्माण कार्यका लागि थप रकमान्तर गर्ने निर्णय गरियो ।

## निर्णय नं. १०,

प्रस्ताव नं. १० उपर छलफल गर्दा वडा नं. १७ बाट माग भइ आए अनुसार वडागत विपद व्यवस्थापन शीर्षकमा विनियोजित रकम रु, ५ लाख मध्येबाट मेयर कप फूटवल पूर्वाधारमा रु, १ लाख र झराही सिंचाइ पाइपलाइन विस्तारमा रु, २ लाख रकम रकमान्तर गर्ने निर्णय गरियो ।

## निर्णय नं. ११,

प्रस्ताव नं. ११ उपर छलफल गर्दा १५ नं वडा कार्यालयबाट प्रस्ताव भइ आए अनुसार प्रधानमन्त्री रोजगार कार्यक्रम संचालनका लागि लागत सहभागिता स्वरुप उक्त वडाको विपद् व्यवस्थापनकार्यका लागि विनियोजित रकमरु, ८ लाख मध्येबाट १ लाख रुपैया लोकाहाखोला ( सालघारी टोल) तटवन्धन गर्नेकार्यमा रकमान्तर गरी खर्चगर्ने निर्णय गरियो ।

## निर्णय नं. १२,

प्रस्ताव नं १२ उपर छलफल गर्दा राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभागको पत्रानुसार यस नगरपालिका कार्यालयमा रहेका एम.आई.एस. अप्रेटर २ र फिल्ड सहायक १ जना समेत ३ जना कर्मचारीलाई आगामी आ.व. देखि एक चौमासिक अवधिको तलब पारिश्रमिक रकम सम्वन्धित स्थानीयतहवाट व्यवस्थापन गर्ने प्रतिवद्धता जाहेर गरेको अवस्थामा हाल कार्यरत उल्लेखित कर्मचारीहरुको सेवालाई निरन्तरता दिन सकिने भन्ने विषयको पत्र प्राप्त हुन आए अनुसार यस कार्यालयमा कर्मचारी अभाव समेतलाई परिपुर्ति हुने गरी आगामी आ.व. को एक चौमासिक अवधिका लागि उल्लेखित कर्मचारीहरुको तलव पारिश्रमिक रकम यस कार्यालयबाट भुक्तानी दिने विषयको प्रतिवद्धता पत्र पठाउने निर्णय गरियो ।

गोविन्द सिग्देल
प्रमुख प्रशासकीय अधिकृत

पूर्ण कुमार श्रेष्ठ
नगर प्रमुख

Scanned with CamScanner

**निर्णय नं. १३,**

प्रस्ताव नं १३ उपर छलफल गर्दा नारायणगढ हुँदै दक्षिण नवलपरासी तर्फको भू-भागमा बग्दैगरेको नारायणी नदी हिउँदको सुख्खा मौसममा गहिरिएर बगेको कारण यस नगरपालिका अन्तरगतका नारायणी किनारामा तयार पारिएको दाहसंस्कार स्थलमा समेत पानीको बहाव कम भई धार्मिक परम्परा अनुसार दाहसंस्कार (चिता पखाल्ने) कार्यमा कठिनाइ परेकोले यस क्षेत्रका चारवटै नगरपालिकासंग आपसी समन्वय गरी दाहसंस्कार कार्यको व्यवस्थापनमा आवश्यकता अनुसार सहजीकरण गर्ने निर्णय गरियो ।

**१४, विविध विषय अन्तरगत निम्नानुसार विषयमा निम्नानुसार गरियो ।**

(क) गरिवी निवारणका लागि लघु उद्यम बिकास कार्यक्रम संचालन निर्देशिका २०७७ अनुसार रु. ५ लाख बिनियोजित रकमबाट वडा नं. १७ को वडा कार्यालय परिसरमा लघु उद्यमका लागि साझा सुविधा केन्द्र निर्माण गर्ने ।

(ख) स्थानीय तहमा कार्यरत कर्मचारीहरुलाई स्नातकोत्तर तहमा उच्च शिक्षाका लागि छात्रवृत्ती कार्यक्रम अन्तरगत यस नगरपालिकामा कार्यरत अधिकृत स्तर छैटौं श्री अविनास पन्थीलाई पि.एल.जी.एस.पी गण्डकी प्रदेश सरकारको सहयोगमा खुल्ला प्रतिस्पर्धाको माध्यामवाट सार्वजनिक नीति तथा व्यवस्थापन सम्वन्धी विषयमा २ वर्षे उच्च शिक्षा अध्ययन छात्रवृत्ती प्राप्तहुन आएकोले निजलाई उक्त अध्ययन कार्यक्रममा सहभागी हुन स्वीकृति दिने ।

(ग) हालै भूमि सम्वन्धी समस्या समाधान आयोगबाट भूमिहीन सुकुम्वासी र अव्यवस्थित वसोवासीहरुका लागि जग्गा व्यवस्था गर्ने गरी लगत संकलन गर्ने कार्यसंचालनमा आएकोमा यस नगरपालिका क्षेत्रका लागि अति आवश्यक पर्ने वडा कार्यालय निर्माण, आधारभूत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण, सार्वजनिक शौचालय, प्रतिक्षालय, विपद् व्यवस्थापन जस्ता अति आवश्यक कार्यका लागि जग्गा व्यवस्थापन गर्न आवश्य पर्ने देखिएकोले त्यस्ता अति आवश्यक जग्गा एकिन गरी व्यवस्थापनका लागि जग्गा संरक्षण गर्ने गराउने तर्फ सम्वन्धित वडा कार्यालयहरुवाट आवश्यक पहल गर्ने ।

(घ) वडा नं. ९ जलुके आँपचौर सिंचाई जल उपभोक्ता समितिको नहर मर्मत गर्न अति आवश्यक देखिएकोमा रकम अभावका कारण वडा स्तरीय योजना अन्तरगत अन्य शीर्षक खर्च अन्तरगतको रु, १ लाख ५० हजार रुपैयालाई रकमान्तर गरी उक्त सिंचाइ नहर मर्मत गर्ने माग बमोजिम रकमान्तर गरी कार्य संचालन गर्न इजाजत दिने ।

Scanned with CamScanner